# आकाशवाणी

# Octber 04, 2025

## प्रमुख समाचार

१. प्रधानमन्त्रीले ६२ करोड रूपियाँभन्दा बढी मूल्यका विभिन्न युवा पहलहरूको गर्नुभयो सुरुवात

२. आगामी वर्षको मार्च ३१ सम्ममा देशलाई नक्साल समस्याबाट मुक्त गरिने गृहमन्त्रीको दाबी

३. वित्तमन्त्रीले **"आपकी पुंजी आपका अधिकार"** अभियानको गर्नुभयो सुरुवात

४. मुख्य निर्वाचन आयुक्तले बिहार विधानसभा चुनावको तयारी सम्बन्धमा राजनीतिक दलहरूसँग गर्नुभयो परामर्श

५. भारतीय क्रिकेट नियन्त्रण बोर्डद्वारा अष्ट्रेलिया भ्रमणमा सीमित ओभरको श्रृङ्खलाका लागि भारतीय टोलीको घोषणा

-----------

## PM-Yuva Yojana

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ६२ हजार करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न युवा पहलहरू सुरु गर्नुभयो। यी युवा-केन्द्रित पहलहरूले देशमा शिक्षा, सीप र उद्यमशीलतालाई प्रवर्धन गर्नेछन्। नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित कौशल दीक्षान्त समारोहमा, प्रधानमन्त्रीले औद्योगिक प्रशिक्षण संस्थानहरू, ITI हरू मार्फत

प्रधानमन्त्री कौशल र रोजगार परिवर्तन, PM-SETU पहलको सुरुवात गर्नुभयो। यस अवसरमा प्रधानमन्त्रीले राष्ट्र निर्माणमा सीपले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिँदै, सरकारले सीप र नवीनतामा ध्यान केन्द्रित गरेर भविष्यको नेतृत्व गर्न युवाहरूलाई तयार गरिरहेको बताउनुभयो। उहाँले आई.टी.आई-हरू औद्योगिक शिक्षाका प्रमुख संस्थाहरू मात्र नभई आत्मनिर्भर भारतका कार्यशाला पनि हुन् भन्नुभयो।*-Byte..*

श्री मोदीले पीएम-सेतु योजनाले देशभरिका १ हजारभन्दा बढी आईटीआईहरूलाई फाइदा पुऱ्याउने बताउँदै, यस योजना अन्तर्गत प्रशिक्षण संस्थानहरूलाई स्तरोन्नति गरिने र आधुनिक मेसिनरीले सुसज्जित पारिने जानकारी दिनभयो। साथै, उहाँले पीएम-सेतुले देशका युवाहरूलाई विश्वव्यापी सीप आवश्यकताहरूसँग जोड्ने पनि बताउनुभयो।-

## Amit Shah

गृहमन्त्री अमित शाहले आज छत्तीसगढको जगदलपुरमा बस्तर दशहरा लोकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै, आगामी वर्षको मार्च ३१ सम्ममा देशलाई नक्सल समस्याबाट मुक्त गर्ने केन्द्र सरकारको सङ्कल्प दोहोऱ्याउनुभयो र नक्सलवादीहरूलाई हतियार त्यागेर समाजको मुख्यधारमा सामेल हुन अपील गर्नुभयो। उहाँले सशस्त्र संघर्ष जारी राख्ने नक्सलवादीहरूलाई सुरक्षा बलले उचित जवाफ दिनेछ भन्दै, नक्सलवादको समस्याका कारण बस्तर अहिलेसम्म विकासबाट वञ्चित रहेको, तर आउँदो मार्च ३१ पछि नक्सलवादीहरूले बस्तरको विकास रोक्न नसक्ने बताउनुभयो।

## Finance Minister-Capital

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज गुजरातको गान्धीनगरबाट राष्ट्रव्यापी अभियान **"आपकी पुंजी आपका अधिकार"** को सुरुवात गर्नुभयो। यो अभियानको उद्देश्य वित्तीय प्रणालीका विभिन्न क्षेत्रमा रहेको तर दाबी नगरिएका वित्तीय सम्पत्तिहरूको द्रुत निकासी सुनिश्चित गर्नु हो। अर्थमन्त्रीले यस अभियानले यी सम्पत्तिहरूक ा वैध दावीकर्ताहरूलाई जमा राशिको निष्पक्ष फिर्ती सुनिश्चित गर्ने बताउनुभयो। उहाँले लाभार्थीहरूसम्म यसको पहुँच सुनिश्चित गर्न यस पहलबारे जागरूकता फैलाउन सबैलाई आग्रह गर्नुभएको छ। वित्तीय संस्थानहरू र दावीकर्ताहरूबीचको खाडललाई कम गर्नुपर्ने महत्त्वमा जोड दिँदै, वित्तमन्त्रीले यो कदम मानिसहरूको वित्तीय सशक्तिकरणका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो।

## EC-Bihar

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आज आयोग टोलीको नेतृत्व गर्दै, आगामी बिहार विधानसभा चुनावको तयारीका सम्बन्धमा राजनीतिक दलहरूसँग परामर्श गर्नुभयो। भारतीय जनता पार्टी, जनता दल-युनाइटेड, राष्ट्रिय जनता दल, कांग्रेस, वामपन्थी र अन्य राजनीतिक दलका प्रतिनिधिहरूले स्वतन्त्र र निष्पक्ष चुनावका लागि आ-आफ्ना विचार र सुझावहरू प्रस्तुत गरे।

## PM-JP Nadda

प्रधानमन्त्री नरेन्द्र मोदीले आज **स्वस्थ नारी, सशक्त परिवार अभियान**-लाई देशका महिलाहरूका लागि प्रभावकारी र लाभदायक बनाउन जमिनी स्तरमा अथक प्रयास गर्ने सबैको प्रशंसा गर्नुभयो। यसअघि, केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले स्वस्थ नारी, सशक्त परिवार अभियानले ६ करोड ५० लाख महिलाहरूको स्क्रिनिङ गरेर ऐतिहासिक उचाइ हासिल गरेको बताउनुभयो र देशभरि लगभग १८ लाख स्वास्थ्य शिविरहरू आयोजना गरिएको जानकारी दिनुभयो। दुई हप्ता लामो यो अभियान प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिनाको १७ तारिख सुरु गर्नुभएको थियो र यस महिनाको २ तारिख समापन भएको थियो। सामाजिक सञ्जालमा पोस्टमा, श्री नड्डाले यो असाधारण उपलब्धिले महिलाको स्वास्थ्यलाई प्राथमिकता दिने राष्ट्रको सामूहिक सङ्कल्पलाई प्रतिबिम्बित गर्दछ भन्नुभयो।

## CBI-Operation Chakra

सीबीआई- ले एच.पी.जेड क्रिप्टो करेन्सी टोकन प्रकरणमा छापा मारेर करोडौँ रुपियाँको अन्तर्राष्ट्रिय साइबर ठगीको पर्दाफास गरेको छ। अपरेशन चक्र-फाइभ अन्तर्गत, हिजो दिल्ली-एन.सी.आर, हैदराबाद र बेंगलुरुका सात स्थानमा खोजी गरिएको थियो। अपरेशनका क्रममा, अपराधी डिजिटल प्रमाण र वित्तीय रेकर्डहरू जफत गरियो। सीबीआईले ठगीमा सक्रिय भूमिका खेल्ने पाँच जना अभियुक्तलाई पनि पक्राउ गरेको छ।

## FASTag Amendmend

सरकारले राष्ट्रिय राजमार्ग शुल्क सङ्कलन नियमावली, २००८ मा संशोधन गरेको छ। नयाँ नियमअनुसार, वैध र सक्रिय FASTag बिना टोल प्लाजाबाट गुज्रने सवारी साधनहरूले नगदमा शुल्क तिर्ने छनौट गरेमा आधिकारिक प्रयोगकर्ता शुल्कको दोब्बर शुल्क तिर्नुपर्नेछ। यदि शुल्क UPI मार्फत तिरेको खण्डमा, उनीहरूलाई आधिकारिक शुल्कको एक चौथाई गुणा शुल्क लगाइनेछ। यी नियमहरू अर्को महिनाको १५ तारिखबाट लागू हुनेछन्। राजमार्ग मन्त्रालयले यी संशोधनहरूले शुल्क सङ्कलनलाई बलियो बनाउने, डिजिटल भुक्तानीलाई प्रवर्धन गर्ने र टोल सञ्चालनमा पारदर्शिता बढाउने बताएको छ।

## MP-Cough Syrup

मध्य प्रदेश सरकारले छिन्दवाडा जिल्लामा शंकास्पद मृगौला संक्रमणबाट नौ बालबालिकाको मृत्यु भएपछि कोल्ड्रिफ सिरपको बिक्रीमा प्रतिबन्ध लगाएको छ। मुख्यमन्त्री मोहन यादवले कोल्ड्रिफ सिरपबाट छिन्दवाडामा बालबालिकाको मृत्यु हुनु अत्यन्तै दुःखद भएको बताउनुभएको छ। उहाँले राज्यभरि सिरपको बिक्रीमा प्रतिबन्ध लगाइएको र यसलाई उत्पादन गर्ने कम्पनीका अन्य उत्पादनहरूमा पनि प्रतिबन्ध लगाइएको जानकारी दिनुभयो। उक्त सिरप का ँचीपुरमको एक कारखानामा उत्पादन गरिएको थियो। घटनापछि, राज्य सरकारले तमिलनाडु सरकारलाई अनुसन्धान गर्न अनुरोध गरेको छ। आज बिहान अनुसन्धान प्रतिवेदन प्राप्त भएको छ र कडा कारबाही गरिएको छ।

## Recycling

खानी मन्त्रालयले महत्त्वपूर्ण खनिज पुनर्चक्रणलाई प्रवर्धन गर्न पन्ध्र सय करोडको प्रोत्साहन योजनाका लागि विस्तृत दिशानिर्देश जारी गरेको छ। यस योजनाले ई-फोहोर, पुरानो लिथियम-आयन ब्याट्री र अन्य कबाड सामग्री जस्ता द्वितीयक स्रोतहरूबाट महत्त्वपूर्ण खनिजहरूको पुन: प्राप्ति र उत्पादनका लागि देशको पुनर्चक्रण क्षमता विकास गर्ने लक्ष्य राखेको छ। यी दिशानिर्देशहरूमा प्रोत्साहन विनियोजन विधि, आवेदन र मूल्याङ्कन प्रक्रियाहरू, संस्थागत अनुगमन, र कार्यसम्पादन समीक्षा संयन्त्रहरू समावेश छन्। यस योजनाले ठूला र साना दुवै पुनर्चक्रणलाई स्टार्टअपहरू सहित नयाँ सुविधाहरू स्थापना गर्न वा अवस्थित सुविधाहरू विस्तार गर्न सहयोग प्रदान गर्नेछ।

## ICG-AKSHAR

भारतीय तटरक्षकले आज पुडुचेरीको कराइकलमा आठ अदम्य-वर्ग फास्ट पेट्रोल भेसलमध्ये दोस्रो जहाज अक्षरलाई सञ्चालनमा ल्याएको छ। यो ५१-मिटर भेसल ६० प्रतिशतभन्दा बढी स्वदेशी सामग्रीद्वारा डिजाइन गरिएको छ, जसले 'मेक इन इन्डिया' पहल अन्तर्गत भारतको समुद्री क्षमतालाई सुदृढ पार्दछ। यसलाई समुद्री क्षेत्रहरूको निगरानी र अन्य कार्यका लागि तैनाथ गरिनेछ।

## Team India-Australia

भारतीय क्रिकेट नियन्त्रण बोर्डले अष्ट्रेलिया भ्रमणमा सीमित ओभरको श्रृङ्खलाका लागि भारतीय टोलीको घोषणा गरेको छ। शुभमन गिललाई एकदिवसीय टोलीको कमान दिइएको छ। रोहित शर्मा र विराट कोहलीलाई खेलाडीक◌ा रूपमा टोलीमा समावेश गरिएको छ। स◌ुर्यकुमार यादवले T-20 टोलीको जिम्मेवारी सम्हाल्नेछन्। भारतीय टोलीले अक्टोबर १९ देखि २५ सम्म अष्ट्रेलिया भ्रमणमा तीन एकदिवसीय खेलको श्रृङ्खला खेल्ने तालिका छ भने दुई देशले अक्टोबर २९ देखि ८ सम्म पाँच T-20 खेलको शृङ्खला खेल्ने तालिका छ।

## ICC Women Cricket

भारतले भोलि कोलम्बोमा हुने आई.सी.सी महिला एकदिवसीय विश्वकप क्रिकेटमा पाकिस्तानको सामना गर्नेछ। एकदिवसीयमा पाकिस्तान विरुद्ध भारतीय टोलीको ११-० को रेकर्ड छ। प्रतियोगिताको पहिलो खेलमा भारतले श्रीलंकालाई ५९ रनले पराजित गरेको थियो। यसैबीच, पाकिस्तान बंगलादेशसँग सात विकेटले पराजित भएको थियो।